# राष्ट्रिय सभा
## संघीय संसद
## संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समिति

बैठक संख्या :२४५<br>
मितिः २०८१/०१/२५<br>
समयः बिहान ११:०० बजे<br>
प्रारम्भः बिहान ११:०५ बजे<br>
अन्त्य: दिनको २:१५ बजे

**<u>छलफल तथा निर्णय</u>** :-

१. समितिको आज मिति २०८१/०१/२५ गते बसेको बैठकमा राष्ट्रिय सुरक्षा नीति, राष्ट्रिय सुरक्षाको अवस्था, मन्त्रालयबाट भए गरेका कामकारबाही र भावी कार्यदिशा, रक्षा मन्त्रालयबाट सञ्चालित राष्ट्रिय गौरवका आयोजनाको कार्य प्रगति र समस्या सम्बन्धमा माननीय रक्षामन्त्री हरि उप्रेति, प्रधान सेनापति श्री प्रभुराम शर्मा र रक्षा सचिव श्री किरणराज शर्मासँग छलफल भयो।

२. मिति २०८१/०१/२४ गते समितिको कार्यक्षेत्र अन्तर्गत परराष्ट्र सम्बन्ध सम्बन्धी विषयमा भएको छलफल र आजको बैठकमा भएको छलफल एवं निष्कर्षानुसार नेपालको राष्ट्रिय सुरक्षा नीति र परराष्ट्र नीति साझा सहमती कायम गरी निर्माण गर्न आवश्यक देखिएकोले राष्ट्रिय सहमतीका आधारमा राष्ट्रिय सुरक्षा नीति र परराष्ट्र नीतिमा पुनरावलोकन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, परराष्ट्र मन्त्रालय र रक्षा मन्त्रालयलाई निर्देशन दिने।

३. समितिको आगामी बैठक अर्को सूचना भएपश्चात बस्ने गरि आजको बैठक अन्त्य भयो।

(सीता काफ्ले वाग्ले)<br>
समिति सचिव

(सोनाम गेल्जेन शेर्पा)<br>
सभापति